# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### थली, काठमाडौं
### सूचना प्रकाशन मिति : २०७९/०९/२९

यस नगरपालिका वडा नं. १ को कार्यालयको पुरानो भवन भत्काएर नयाँ बनाउने प्रयोजनको लागि शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गरिने भएकोले लिन चाहाने इच्छुक व्यक्ति, फर्म वा संस्थाले शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यको विवरण | न्यूनतम मूल्य | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | भवन भत्काउने कार्य तथा भवनबाट निस्केका पुराना सामान (Scarp) लिलाम बिक्रि | रु. ५,०६,२०१.३०।-(अक्षरेपी पाँच लाख छ हजार दुई सय एक रुपैंया तीस पैसा मात्र) | रु.१,०००।- (अक्षेरेपी एक हजार रुपैंया मात्र) | |

**शर्तहरु :**

१. बोलपत्र फारम दस्तुर वापत रु. १०००।- (एक हजार मात्र) तिरी (पछि फिर्ता नहुने गरी) सूचना प्रकाशन भएको मितिले १४ औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरि १५ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । उक्त बोलपत्र फाराम यस कार्यालयको एन्. आई.सि. एसिया बैंकमा रहेको खाता समूह ग.१.१. कागेश्वरी मनोहरा नगरपालिका, आन्तरिक राजस्व खाता, खाता नं. ०१८२०५००२९५४५००२ मार्फत तिरेको सक्कलै भौचर पेश गरी योजना शाखाबाट लिन सकिनेछ ।

२. पुरानो भवन र सोमा भएको ईंटा, काठ, जस्ता तथा फलाम लगायतका सम्पूर्ण मालसामान समेत भत्काउन लाग्ने खर्च ब्यक्तिले ब्यहोर्नेछ ।

३. इच्छुक इजाजतपत्र प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणीत प्रतिलिपी, २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिको हकमा प्यान नं र नेपाली नागरिकताको प्रतिलिपी सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको फर्मको नाम, ठेगाना, फोन नं समेत खुलाई लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन्. आई.सि. एसिया बैंकमा रहेको खाता समूह ग.३. कागेश्वरी मनोहरा नगरपालिका धरौटी खाता, खाता नं. १८CA०५११२७३५२४०१ मा जम्मा गरेको सक्कलै भौचर पेस गर्नुपर्नेछ ।

६. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिइने छैन ।

७. दर्ता भएका बोलपत्रहरु १५ औं दिन दिनको १:०० बजे कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय थली काठमाडौंमा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत २० दिनभित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानुपर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षीत हुनेछ ।

१०. यसमा नपरेका शर्तहरु प्रचलित ऐन नियम र कानून बमोजिम हुनेछ ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३